मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**कर्मचारी आवश्यकता**

यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

**D Pharma** - २ जना

**B Pharma** - २ जना

तलबः आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**

**मकवानपुर सहकारी अस्पताल**

हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४४१२७००९

# कांग्रेस मकवानपुरको वडादेखि जिल्लासम्म सम्मेलनको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, १८ वैशाख/ नेपाली कांग्रेस मकवानपुरले जिल्लाका एकसय २ वटै वडादेखि जिल्ला तहसम्म पार्टीको सम्मेलन आयोजनाको तयारी थालेको छ ।

पार्टीलाई गतिशिल ढंगले अगाडि बढाउने योजनाअन्तर्गत् सोमबार हेटौंडामा भएको वडा तहदेखि जिल्लासम्मको सम्मेलन पूर्व तयारी संयुक्त बैठकले मितिसमेत तय गरेको छ । कांग्रेसको विधानमा उल्लेख भएअनुसार प्रत्येक ६ महिनामा वडा सम्मेलन, कम्तिमा वर्षमा एक पटक गाउँपालिका, नगरपालिका र प्रदेशसभा क्षेत्रीय सम्मेलन तथा प्रतिनिधिसभा क्षेत्रीय सम्मेलन, जिल्ला सम्मेलन र प्रदेशसभा सम्मेलन गर्ने व्यवस्था भएकाले मकवानपुरमा कांग्रेसको वडा तहदेखि जिल्लासम्म सम्मेलन हुने भएको हो । आगामी जेठ मसान्तसम्म जिल्लाका एकसय २ वटै वडादेखि जिल्ला सम्मेलनको मिति सोमबार बसेको बैठकले तय गरेको हो ।

कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यता तथा जिल्ला सभापति बुद्ध लामाको सभाध्यक्षतामा बैठक भएको थियो । बैठकले पार्टीका क्रियाशील सदस्य




र वडा कार्यसमितिको सहभागितामा वैशाख २३ गते गाउँपालिकाहरुको वडास्तरीय सम्मेलन तय गरेको छ । वैशाख २४ गते हेटौंडा उपमहानगर पालिका र थाहा नगरपालिकाको वडास्तरीय सम्मेलनको तयारी रहेको पार्टी जिल्ला सभापति लामाले जानकारी दिएका छन् । १४ औं महाधिवेशन बुथ प्रतिनिधिहरु र पालिका कार्यसमितिको सहभागितामा वैशाख २९ गते गाउँपालिकास्तरीय सम्मेलन गर्न गाउँपालिका समितिहरुलाई निर्देशन दिइएको छ ।

बैठकले वैशाख ३० गते हेटौंडा उपमहानगर र थाहा नगरपालिकास्तरीय सम्मेलन गर्न मिति तोकेको सभापति लामाले जानकारी दिए । १४ औं महाधिवेशन बुथ प्रतिनिधिहरु, प्रदेश प्रतिनिधि, क्षेत्रीय कार्यसमिति र पालिका कार्य समितिको सहभागितामा जेठ ४ गते प्रतिनिधि सभा क्षेत्र नम्बर १ को क, ख प्रदेश क्षेत्रीय सम्मेलन, प्रतिनिधिसभा क्षेत्र नम्बर २ को क, ख प्रदेश क्षेत्रीय सम्मेलन जेठ ५ गते गरिने भएको छ । जेठ १२ गते प्रतिनिधिसभा क्षेत्र नम्बर १ सम्मेलन र १३ गते प्रतिनिधिसभा क्षेत्र नम्बर २ सम्मेलन हुने भएको छ । प्रतिनिधिसभा क्षेत्रीय सम्मेलनमा संघीय कार्यसमिति, महाधिवेशन प्रतिनिधि, प्रदेश प्रतिनिधि, प्रदेश क्षेत्रीय कार्यसमिति, भातृ संस्थाका अध्यक्षहरु सहभागी हुने तय गरिएको छ ।

पार्टीको जिल्ला सम्मेलन जेठ मसान्तभित्र गर्ने निर्णय भएपनि निश्चित मिति भने तोकिएको छैन । वडादेखि जिल्ला तहसम्मको सम्मेलनमा राजनीतिक प्रतिवेदन, सांगठनिक प्रतिवेदन, आर्थिक प्रतिवेदन र आगामी वर्षको कार्ययोजना प्रतिवेदन प्रस्तुत हुनेछन् । सम्मेलनहरुमा गत ३० वैशाखमा भएको स्थानीय तह, ४ मंसिरमा भएको प्रतिनिधिसभा र प्रदेशसभा तथा १० वैशाखमा भएको उपनिर्वाचनको समिक्षा हुने जनाइएको छ ।

सोमबार हेटौंडामा भएको संयुक्त बैठकमा पार्टीलाई गुट उपगुटबाट मुक्त गराई एकीकृत रुपमा बलियो शक्तिका रुपमा अगाडि बढाउन वक्ताहरुले माग गरेका थिए । पार्टी जिल्ला कमिटी एक ढिक्का भएर अघि बढ्नुपर्ने, प्रशिक्षण कार्यक्रम आयोजना गर्नुपर्ने, पार्टीविरुद्ध सामाजिक सञ्जालमा लेख्नेलाई कारबाही गर्नुपर्ने, पार्टीमा राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने संस्कारको विकास गर्नुपर्ने र सबै जनप्रतिनिधिहरुले जनमुखी तवरबाट काम गर्नुपर्नेलगायत आवाज उठाएका थिए ।

निर्वाचनपछि पार्टीको गतिविधि हुन नसकेपछि मकवानपुरमा वडा तहदेखि जिल्लासम्मै सम्मेलनको तयारी गरिएको कांग्रेस बागमती प्रदेश सभापति तथा प्रदेश सांसद् बानियाँले बताए । पार्टीभित्र तिक्तता देखिएको हुनसक्ने र गणतन्त्रप्रति देखिएको निराशालाई व्यवस्थापन गर्न सम्मेलनले भूमिका खेल्ने उनको भनाइ छ । वडा तहदेखिको सम्मेलनले पार्टीका समितिहरुको तालमेल मिलाउने उनको विश्वास छ । पार्टीको गुट र उपगुटले टिकट दिइरहेको भन्दै उम्मेदवार छनौटमा नीति बनाउन पनि बानियाँले सुझाव राखेका छन् । नीति बनाउँदा पार्टीको विधान नै परिमार्जन गर्न वडाबाटै दबाब दिन सुरु गर्नुपर्ने उनले बताए ।

सम्मेलन पूर्वतयारी संयुक्त बैठकमा नेपाली कांग्रेस मकवानपुरका उपसभापतिद्वय आनन्द कठायत, धर्मराज लामिछाने, सचिवद्वय भिमसेन महत, ईश्वर पाठक, सहसचिवद्वय इन्दिरा न्यौपाने र ताराचन्द्र बजगाई, संघीय क्षेत्र नम्बर १ का सभापति दामोदर खनाल, २ नम्बर क्षेत्रका सभापति लोक मोक्तान, प्रदेश क्षेत्रीय सभापतिहरु सुशान्त श्रेष्ठ, राजेश बानियाँ, खड्ग गोपाली र रञ्जन कालाखेतीलगायत गाउँपालिका समितिका सभापतिहरु, वडा सभापति, निर्वाचित सबै पालिका अध्यक्ष उपाध्यक्ष, वडा अध्यक्षहरु लगायतको आतिथ्यता थियो ।

# मजदुर योगदानको उच्च मूल्याङ्कन हुनुपर्छः प्रदेश प्रमुख शर्मा

साझाकुरा संवाददाता



हेटौंडा, १८ वैशाख/ अन्तर्राष्ट्रिय श्रमिक (मजदुर) दिवसको अवसरमा शुभकामना व्यक्त गर्दै बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले मजदुरहरुको योगदानको उच्च मूल्याङ्कन हुनुपर्ने बताएका छन् ।

प्रदेश प्रमुख शर्माले सन् १८८६ मा अमेरिकाको सिकागोमा 'आठ घन्टा काम, आठ घन्टा मनोरञ्जन र आठ घन्टा आराम' भन्ने नारासहित सुरु भएको मजदुर आन्दोलनका साथै विभिन्न श्रमिक संघर्षमार्फत् मजदुहरुले अधिकार पाएको दिनका रुपमा आजलाई लिइने शुभकामना सन्देशमा उल्लेख गरेका छन् ।

नेपालको विराटनगरमा २००७ सालमा मजदुर आन्दोलनसँगै यो दिवस मनाउन थालिएको सन्दर्भ उल्लेख गर्दै प्रमुख शर्माले आफ्नो अधिकारका लागि लड्ने मजदुरहरुको विशेष दिनलाई स्मरण गरिरहँदा उनीहरुले देश निर्माणका लागि पुर्‍याएको योगदानको उच्च मूल्याङ्कन हुनुपर्ने बताएका छन् ।

'हाम्रो देश नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा लैजानका लागि श्रमिकहरुको अमूल्य योगदान रहेको छ', प्रदेश प्रमुखको शुभकामनामा भनिएको छ- 'नेपालको संविधानले सम्पूर्ण नागरिकहरुका लागि रोजगारीको हक सुनिश्चित गर्दै प्रत्येक श्रमिकका लागि उचित श्रम अभ्यासको अधिकारका साथै उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई समेत सुनिश्चितता प्रदान गरेको छ', प्रमुख शर्माले श्रमिकहरुका अधिकारका सवालमा सबै पक्ष जिम्मेवार बन्नुपर्नेमा जोड दिए । श्रमिकहरुका लागि अनुकूल श्रम वातावरण, उचित पारिश्रमिक, क्षमता बमोजिम रोजगारीको ग्यारेण्टी, सामाजिक सुरक्षालगायत अधिकार प्राप्त गरी अघि बढ्न सम्बन्धित सबै पक्ष जिम्मेवार बन्नुपर्ने उनले बताए ।

# रेडक्रस दामनको सभापतिमा बस्नेत

साझाकुरा संवाददाता

हेटौंडा, १८ वैशाख/ नेपाल रेडक्रस सोसाइटी उपशाखा दामनको सभापतिमा मनश्याम बस्नेत निर्वाचित भएका छन् । बस्नेतसहित सबै सदस्य सर्वसम्मत निर्वाचित भए ।

उपशाखा दामनको उपसभापतिमा गीता कार्की, सचिवमा राजाराम रायमाझी, कोषाध्यक्षमा यादवजंग रायमाझी, उपसचिवमा दीपेन्द्रकुमार थिङ तथा उपकोषाध्यक्षमा विश्वनाथ रायमाझी निर्बिरोध निर्वाचित भएका हुन् । सदस्यहरुमा शकुन्तला गोपाली, संगम कार्की, हरेराम उपाध्याय, कमलकुमार खत्री र सुमन रायमाझी निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकारी खेमराज सापकोटाले जानकारी दिए ।

Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"

**HSMSS को गौरवमय QAA यात्रा**

२०५२ बाट शुरु भएको हेटौंडा स्कुल अफ म्यानेजमेन्टको **'संस्कार-देखि सफलता'** सम्मको बाटोमा गौरवमय **'QAA'** को यात्रामा सहयोग, समर्पण तथा विश्वासको लागि सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी तथा देशका सम्पूर्ण नागरिक, प्रशासन, व्यवसायी, सामाजिक, शैक्षिक, आध्यात्मिक संघ संस्था, मिडिया तथा शुभचिन्तकहरुमा

**हार्दिक आभार!**

तपाईंहरु सबैको शुभेच्छा तथा सहयोगबाट राष्ट्रका लागी आवश्यक मानवपूँजी निर्माण गर्न यो संस्था निरन्तर अग्रसर छ र आगामी दिनमा पनि अझ उत्कृष्टता प्रदान गर्ने कुरामा बचनद्ध छौ।




TOGETHER WE WILL MAKE A DIFFERENCE!

साझाकुरा

## हाम्रो कुरा

# लागूऔषध प्रयोग गरी सवारी साधन नचलाऔं

मादक पदार्थ सेवन (मापसे) गरेर सवारी साधन चलाएकै कारण दुर्घटना बढेको निष्कर्षसहित ट्राफिक प्रहरीले स्वास परीक्षण गरी मापसे जाँच कार्यलाई तीव्रता दियो । मापसे गरेर सवारी साधन चलाएको पाए कारबाही गर्ने र सुध्रिनको लागि ट्राफिक कक्षा लिने काम गर्दै आएको ट्राफिक प्रहरीले पछिल्लो समय लागूऔषध सेवन गरेर सवारी चलाए नचलाएको पत्ता लगाउन 'ड्रग डिटेक्ट किट' प्रयोग थालेको छ । मापसे गरेर सवारी चलाउँदा स्वास गन्हाउने, ट्राफिक चेकिङमा थाहा पाउने र कारबाहीमा पर्ने भएपछि पछिल्लो समय चालकहरुले विभिन्न प्रकारका लागूपदार्थ सेवन गरेर सवारी चलाउने गरेको निष्कर्ष ट्राफिक प्रहरीले निकालेको छ । लागू पदार्थ सेवन गरेर सवारी चलाउँदा झन् ठूलो दुर्घटना हुनसक्ने र जनधनको क्षति हुनसक्ने आँकलन गर्दै त्यसको न्यूनीकरणका लागि ड्रग डिटेक्ट किटमार्फत् परीक्षण थालिएको मकवानपुर ट्राफिकले बताएको छ ।

लागूऔषध सेवन गरेर सवारी चलाउने चालकहरुको पहिचान गर्न जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले 'ड्रग डिटेक्ट किट'मार्फत् लागूऔषध सेवन परीक्षण सुरु गरेपछि त्यस्ता चालकहरुमा तरङ्ग आएको छ । लागूऔषध सेवन गरेर सवारी चलाउने चालकहरुको पहिचान गर्न ट्राफिक प्रहरीले चालकहरुको पिसाब परीक्षणको माध्यम प्रयोग गर्नु सह्रानीय छ । मकवानपुरमा लागूपदार्थ उत्पादन र ओसारपसारको साथै सेवन पनि धेरै हुने सम्भावित क्षेत्र भएकोले लागूपदार्थको सेवनलाई घटाउन यो माध्यम अति प्रभावकारी देखिएको छ । सवारी दुर्घटना न्यूनीकरण गर्न यो परीक्षण कोशेढुंगा सावित हुने विश्वास लिन सकिन्छ ।

सवारीसाधन चालकहरुले यात्राको समयमा आफ्नो शरीरलाई लठ्ठ पार्ने पदार्थ प्रयोग गर्नु भनेको स्वयम् मृत्यु निम्त्याउनु हो भन्ने बुझ्नुपर्छ । आफू र आफूसंगै यात्रा गर्ने व्यक्तिहरुको ज्यान नै जोखिममा पारेर लागू पदार्थ सेवन गर्नु किमार्थ राम्रो होइन । लागू औषध कहिल्यै सेवन गर्नु हुँदैन अझ सवारी साधन चलाउने बेला त यस्को कल्पना पनि गर्नु हुन्न ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत २० गते बुधबार ३ मे २०२३ । त्रयोदशी, वैशाख शुक्लपक्ष । बछ्लाथ्व ११४३ ने.सं. । सूर्योदय ५:२५, सूर्यास्त ६:३८ । प्रदोष व्रत । अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : चुनौतीहरु बढ्नेछन् | **तुला** | : प्रयत्न निरर्थक हुनेछ |
| **वृष** | : आम्दानी घट्नेछ | **वृश्चिक** | : व्यावसायिक काम बन्नेछ |
| **मिथुन** | : मित्रताले हर्ष बढ्नेछ | **धनु** | : सहयोगीले असहयोग गर्नेछन् |
| **कर्कट** | : कामको तारिफ हुनेछ | **मकर** | : पढाइमा प्रगति हुनेछ |
| **सिंह** | : अरुको मन लोभ्याउन सकिनेछ | **कुम्भ** | : समस्या दोहोरिन सक्नेछ |
| **कन्या** | : दाम कमाउने बेला छ | **मीन** | : घरेलु काममै अलमल हुनेछ |

# श्रमिकको अवस्था सुधार्न नयाँ प्रस्ताव



दिनेश पोखरेल

अन्तर्राष्ट्रिय श्रमिक दिवस मे १ तारिखको दिन संसारभरि अन्तर्राष्ट्रिय श्रमिक आन्दोलनको उत्सवको रूपमा मनाइन्छ । विश्वका ८० भन्दा बढी देशमा आधिकारिक रूपमा यस दिन सार्वजनिक बिदा हुन्छ भने कतिपय देशमा सामान्य रूपमा यो दिवस मनाइन्छ । विश्वका धेरै देशमा यही दिनलाई आधिकारिक मजदुर दिवसको रूपमा मनाइन्छ भने अमेरिका लगायत केही देशमा मजदुर दिवस अलग्गै दिन मनाउने गरिन्छ ।

१९औं शताब्दीको औद्योगिक क्रान्तिका कारण यूरोपका उद्योगपतिहरूले श्रमिकहरूलाई १६ घण्टा भन्दा बढी समय न्यून पारिश्रमिक दिई काममा लगाई श्रम शोषण गरिरहेको कहालीलाग्दो परिस्थितिबीच त्यहाँका मजदुरहरूले सन् १८८६ देखि कठोर आन्दोलन गरी ८ घण्टा काम, ८ घण्टा आराम र ८ घण्टा मनोरञ्जनको मागलाई स्थापित गराउने गरेको संघर्षको सम्झना स्वरूप मे दिवस मनाउन सुरु गरिएको हो ।

नेपालमा वि.सं. २००७ देखि श्रमिक दिवस मनाउन थालिएको हो । २००३ सालदेखि विराटनगर जुटमिलको मजदुर आन्दोलन हुँदै २००९ सालको न्यून वैतनिक कर्मचारीहरूको आम हड्तालले श्रमिकको पक्षमा ठूलो उपलब्धि हासिल गरेको थियो । पञ्चायती व्यवस्थामा नेपालको श्रमिक आन्दोलन केही सुस्ताए पनि २०४६ सालको परिवर्तनपछि खुल्ला बजार परिवेशमा श्रमिक वा ट्रेड युनियन आन्दोलन जुर्मुराएर उठेको देखिन्छ । तर माओवादी युद्धमा देखिने गरी ट्रेड युनियनहरू बाहिर आउन सकेनन् । २०६२/६३ को आन्दोलन र शान्ति प्रक्रियाको सुरुवातपछि भने नेपालमा ट्रेड युनियन या श्रमिक आन्दोलनको बाढी नै आएको देखिन्छ । निजी क्षेत्रका प्रत्येक कम्पनी, ठूला व्यापारिक प्रतिष्ठान, यातायात, अस्पताल, गार्मेन्ट, क्यासिनो, सञ्चारगृह लगायत धेरै क्षेत्रमा ट्रेड युनियन स्थापना गरी केही हदसम्म श्रमिकको हितमा काम भएको देखिन्छ ।

तर जसरी ट्रेड युनियनहरूको उभार आयो त्योसँगै राजनैतिक पार्टीका स्वार्थ, नेतृत्वको विचलन एवं स्वार्थ र एलोयुनियन (मालिकले बनाएका युनियन) को कारण त्यो उभार धेरै समय टिक्न सकेन । फलस्वरूप युनियनहरू बदनाम, ट्रेड युनियनकर्मीको आलोचना र अश्विसास चुलिन पुगेको देखिन्छ । केन्द्रीय राज्य सत्तामा हस्तक्षेप गर्न सक्ने ठूलो पार्टीका ट्रेड युनियनहरूको नेतृत्व हाइप्रोफाइलमा बसेर तर मार्ने, ग्रासरुटका श्रमिकहरूलाई देख्दै नदेख्ने प्रवृत्ति अद्यावधि छँदैछ । यही उपल्लो तहका पार्टीगत ट्रेड युनियन नेतृत्वको कारण आज श्रमिक हक-हित संरक्षणको लागि बनाइएका कानुनहरू श्रमिकमैत्री छैनन् । श्रम ऐन, २०७४ मा धेरै श्रमिक विरोधी प्रावधान समावेश गरिएको छ । रोजगारी गरेपछि स्थायी हुन पाउने अधिकार, वृत्ति र विकासको अधिकार, सामाजिक सुरक्षा अन्तर्गत पेन्सन पाउने अधिकार लाई समेत कुण्ठित गरिएको छ । यस्तै श्रम ऐनमा नो वर्क, नो पे, हायर एण्ड फायर जस्ता श्रमिक विरोधी प्रावधानलाई समावेश गरिएको छ ।

अहिले निजी क्षेत्रका ठूलो रोजगारदाता नै संघीय सांसद, प्रदेश एवं नीति निर्माण तहमा पुग्ने र राज्य सञ्चालनमा हस्तक्षेप गर्न सक्ने हैसियतमा पुगेको वर्तमान अवस्थामा हाम्रो देशका श्रमिक वर्गको अगाडि ठूलो चुनौती खडा भएको छ । एकातिर रोजगारदाता, राजनैतिक उच्च नेतृत्व, ट्रेड युनियनका माथिल्लो वर्ग, सरकारको नेतृत्वको ट्रेड युनियन विरोधी समान धारणा, अर्कोतिर श्रमिक विरोधी कानुन, रोजगारदाताका आफ्नै ट्रेड युनियन, आर्थिक रूपमा कमजोर संगठन, रोजगारी गुम्ने खतरा, रोजगारदाताको आफ्नै श्रमिकको असहयोग, आफ्नै नेतृत्वको विश्वासको संकट आदि समस्यासँग अहिले नेपालका ट्रेड युनियनहरू एकल रूपमा लडिरहनु परेको छ ।

अस्पताल, स्कुल, सञ्चारगृह, पर्यटन क्षेत्र र थोरै संख्यामा रोजगारी गर्ने साना कार्यालयका कामदार श्रमिकको अवस्था अत्यन्तै दयनीय देखिन्छ । अझ भन्ने हो भने अहिलेको अवस्थामा म ट्रेड युनियनकर्मी हुँ भनेर अगाडि आउन समेत नसक्ने अवस्था सिर्जना गरिएको छ । आफ्नो कल, कारखाना, अस्पताल लगायत प्रतिष्ठानका सयौं कर्मचारीका रोजगारी खोसेर खानेहरू नीति निर्माण तहमा गजधम्म बसेको हेर्न विवश छन् अहिले नेपालका श्रमिकहरू ।

सरकारले तोकेको न्यूनतम दैनिक ज्याला १५ हजार रूपैयाँमा अहिले नर्स, शिक्षक, प्राविधिक, प्रशासन र डिग्री गरेका समेतले काम गर्नुपर्ने बाध्यता सृजना गरिएको छ । अत्यन्त न्यून पारिश्रमिकमा आफ्ना उद्योग, कलकारखाना एवं प्रतिष्ठानमा काम लगाउने रोजगारदाताको प्रभावमा राज्य परेपछि कानुनमा लेखिएका श्रमिक पक्षीय प्रावधान समेत निष्प्रभावी हुने गरेका छन् ।

श्रमिकको पक्षमा काम गर्ने गरी स्थापना गरिएका सरकारी निकायहरू श्रम तथा रोजगार मन्त्रालय, श्रम विभाग एवं श्रम कार्यालयहरूले वैदेशिक रोजगारीको विषयमा मात्र ध्यान दिने तर वर्षेनि ५ लाखभन्दा बढी युवाशक्ति श्रम बजारमा आउँदा उनीहरूको व्यवस्थापनमा कुनै काम गरेको देखिदैन । फलस्वरूप ठूलो संख्यामा देशको जनशक्ति विदेश पलायन भइरहेका छन् । कोभिड-१९ को कारण रोजगारी गुमाएका १० लाखभन्दा बढी नेपाली कामदारको अवस्था अहिले के छ ? सरकार या सरोकारवाला निकायलाई सायद जानकारी नै छैन ।परिवर्तन व्यवस्था होस् या अवस्था त्यसको मूल स्रोत श्रमिक हुन् । श्रमिकको अवस्थामा आएको परिवर्तन नै विकासको सूचक हो । मालिक र नोकरबीचको द्वन्द्वात्मक सम्बन्धबाट नै ट्रेड युनियनको जन्म हुन्छ । अथवा ट्रेड युनियन अन्तर्राष्ट्रिय मानवअधिकार हो । यो सत्यलाई हाम्रो देश र यसका संचालकले कहिले आत्मसात् गर्ने ? बेरोजगारीको विवशताको कारण श्रम शोषणमा परिरहेका आम श्रमिकहरूले कहिलेसम्म सहेर बस्ने ? असन्तुष्टि बढ्दै जाँदा विरोध सुरु हुन्छ । विरोध बढ्दै जाँदा विस्फोट हुनसक्छ ।

अहिले श्रमिकको पक्षमा वकालत गरिरहेका ट्रेड युनियन, पेशागत संगठन, महासंघ, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय श्रम सम्बन्धी संगठनहरूले झिनो क्रियाशीलताका साथ काम गरिरहेको देखिन्छ । यी संस्थाहरूमध्ये श्रम कार्यालय वा श्रम विभागमा दर्ता भई आफ्ना रोजगारदाता समक्ष दाबी पेश गर्ने र सामूहिक सौदावाजी गर्ने अधिकार प्रयोग गर्न समेत ट्रेड युनियनहरूको अहिले धेरै नै बदनाम गरिएको अवस्था छ । ट्रेड युनियन भनेको तल्लो तहका कामदार कर्मचारीहरूले मात्र चलाउने, काम नगर्ने, हड्ताल मात्र गर्ने, आफ्नो कार्यालय, प्रतिष्ठान वा कम्पनीको विरुद्धमा अराजक व्यवहार गर्ने भन्ने जस्ता आरोप अहिले ट्रेड युनियनले खेपिरहेका छन् ।

यी यावत् प्रश्न, समस्या र समाधानको लागि नेपाली श्रम बजार र ट्रेड युनियन अधिकारलाई अब नयाँ बाटोबाट अगाडि बढाउनुपर्ने देखिन्छ । अर्थात्, अहिले भइरहेका पार्टीगत ट्रेड युनियन र सरकारी ट्रेड युनियनहरूलाई खारेज गरी भूगोलमा आधारित ट्रेड युनियन (श्रम संगठन) र आफ्नो भूगोलभित्रका श्रमिकको समस्याको जवाफदेही जननिर्वाचित निकायलाई बनाउने गरी प्रस्ताव गरौं ।

**नेपाल श्रम संगठन**

यो संरचना देशभरिमा एउटा मात्र श्रम सेवा गर्ने संरचना हुनेछ । यसले आम श्रमिकको अवस्था, नियमन, अनुगमन र श्रमिकको समग्र हितमा राज्यलाई सचेत गराउने, अन्तर्राष्ट्रिय श्रम मापदण्ड पालना गरे नगरेको हेर्ने, श्रम सम्बन्धी कानुनको पालना एवं आफू मातहत रहेका ठूला रोजगारयुक्त कलकारखाना, बैंक, स्कुल, पर्यटन लगायत श्रमिकको हितमा काम गर्ने, प्रदेश एवं स्थानीय स्तरबाट सिफारिस भई आएका समस्यालाई समाधान गर्ने, श्रमिकका विषयमा कानुनी सहायता प्रदान गर्नेछ र यो नै संघीय संगठनको मुख्य काम हुनेछ ।

यो संगठनको निर्वाचन प्रदेश प्रतिनिधि र स्थानीय प्रतिनिधिले गर्नेछ । यसले अन्तर्राष्ट्रिय श्रम संगठन र अरु श्रम सम्बन्धी काम गर्ने संघसंस्थासँगको सहकार्यमा काम गर्नेछ । देशभरिका वैधानिक निकायमा कम्तीमा एक वर्ष काम गरेका कामदार कर्मचारीलाई श्रम संगठन सदस्यताको व्यवस्था गर्ने आदि काम गर्नेछ ।

**प्रदेश श्रम संगठन**

यो संरचना प्रदेशस्तरीय एक मात्र श्रम संगठनको रूपमा काम गर्ने प्रदेशस्तरका उद्योग कलकारखाना, प्रतिष्ठान, अस्पताल एवं ठूला रोजगारवाला निकायका श्रमिकको हितमा काम गर्नु यो संगठनको कर्तव्य हुनेछ । स्थानीय तहबाट आएका श्रम सम्बन्धी समस्यालाई समाधान गर्ने, आफू मातहतका श्रमिकलाई श्रम सदस्यता दिने, प्रदेश सरकारको सहकार्यमा आवश्यक श्रमिक मैत्री कानुन बनाउने र केन्द्रीय श्रम संगठनको निर्वाचनमा भाग लिने र स्थानीय श्रम संगठनलाई आवश्यक निर्देशन दिने, श्रमिक र मालिकबीच मध्यस्थता गर्ने आदि काम प्रदेश श्रम संगठनले गर्नेछ ।

**स्थानीय श्रम संगठन**

श्रम सेवा सम्बन्धी सबैभन्दा महत्वपूर्ण निकायको रूपमा यो संरचना रहनेछ । स्थानीय रूपमा वा आफ्नो भूगोलभित्र कति उद्योग, कलकार खाना स्कुल, अस्पताल लगायत रोजगारी दिइरहेका संस्थाका कामदार कर्मचारी श्रम शोषणमा परेका छन् या छैनन् यसको अनुगमन यो संगठनले गर्नेछ । स्थानीय जनप्रतिनिधिलाई श्रम संगठन संरक्षकको रूपमा समावेश गरी संगठनलाई प्रभावकारी बनाउनेछ । प्रतिष्ठानस्तरका कर्मचारी वा युनियनहरूले पेश गरेका मागहरूलाई पूरा गराउन आवश्यक दबाब दिन सक्नेछ ।

श्रमिकहरूलाई श्रम सदस्यता वितरण गर्ने, श्रमशोषण गर्ने संस्था माथि निर्वाचित जनप्रतिनिधिको रोहबरमा सच्याउने वा कारबाही गर्ने, सबै श्रमिकको अभिलेख संघीय श्रम संगठनमा पठाउने । स्थानीय तहमा आवश्यक श्रम कर्मचारीको व्यवस्था गरी अभिलेख अद्यावधि गर्ने, श्रम सदस्यता प्राप्त श्रमिकहरूको बीचमा निर्वाचन गरी श्रम संगठन निर्माण गर्ने आदि काम यो संगठनले गर्नेछ ।

मालिकसँग आफ्ना समस्या लैजान नसक्ने प्रतिष्ठानस्तरका ट्रेड युनियन वा कर्मचारीहरूलाई उनीहरूका माग ग्रहण गरी प्रतिष्ठानहरूसँग सामूहिक सौदावाजी गराउन आवश्यक पहल गर्ने, श्रमिकहरूलाई उनीहरूको हकअधिकार सम्बन्धी प्रशिक्षण दिने आदि काम यो संगठनले गर्नेछ ।

माथिको संरचनामा जान सक्ने हो भने, पार्टीपिच्छेका ट्रेड युनियन, संघ महासंघ, एलोयुनियन, श्रमिक र मालिक बीचको द्वन्द्व लगायत समस्या समाधान भई श्रमिक मैत्री अवस्था सृजना हुने विश्वास गर्न सकिन्छ । १३४औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको उपलक्ष्यमा सबै श्रमिकलाई हार्दिक शुभकामना ! (लेखक राष्ट्रिय स्वतन्त्र स्वास्थ्यकर्मी संघ नेपालका उपाध्यक्ष हुन् ।)

साभार : अनलाइनखबर

# राष्ट्रपति पौडेलविरुद्ध दुष्प्रचार किन ?



भेषराज पोखरेल

**पौडेलले उमेदवारी दर्ता गर्दा नै आफूले राष्ट्रपति पदलाई सरल र नागरिकमैत्री बनाउने तथा राजतन्त्र र गणतन्त्रको फरक देखाउने बाचा गरेका थिए । निर्वाचित भएलगत्तैका उनका कदमले त्यसको पुष्टि पनि गरेको छ । यसबाट गणतन्त्र विरोधीहरु त कुण्ठित भएका थिए नै पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको राजसी शैली आलोचित भएकै बेला राष्ट्रपति पौडेलको सादगीले जनताले रूचाएको देखेर नेकपा (एमाले)का नेता, कार्यकर्ता पनि बढी नै छटपटाए ।**

देश संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा छ । नेपालीका लागि यो पद्धति पुरानो पाठ्यक्रम पढिरहेको विद्यार्थीलाई एक्कासि नयाँ पाठ्यक्रममा प्रवेश गर्दा आइपर्ने परिस्थितिजस्तै भएको छ । वास्तवमा "राष्ट्रपति" पद गणतन्त्रको मूल खाँबो हो । राष्ट्रपतिको पदीय मर्यादासँग गाणतन्त्रको गरिमा जोडिएको हुन्छ ।

हामीले कठिन संघर्षबाट ल्याएको गणतान्त्रिक शासन व्यवस्थालाई सफल, लोकप्रिय र जनभावना अनुकूल बनाउन राष्ट्रपति पदले खेल्ने भूमिका महत्वपूर्ण हुन्छ । अहिले गणतन्त्रपछि व्यक्तिका हिसावले तेस्रा र कार्यकालका दृष्टिमा चौथा राष्ट्रपतिका रूपमा रामचन्द्र पौडेल निर्वाचित भएका छन् ।

हालै राष्ट्रपति पौडेल स्वास्थोपचारको सिलसिलामा भारतको नयाँदिल्लीस्थित एम्स अस्पतालमा भर्ना हुन पुगे । नेपालमा यति धेरै विशेषज्ञ डाक्टर र प्रतिष्ठित अस्पताल हुँदाहुँदै उनले भारतमा गएर उपचार गराउँदा विगतकै विकृतिको पुनारावृत्ति भयो भन्ने तर्क दिएर एउटा कोणबाट आलोचना भएको छ ।

झट्ट सुन्दा यस तर्कसँग विमिति राख्नुपर्ने अवस्था पनि देखिँदैन । किनभने हाम्रा राजनीतिक नेताहरुले सामान्य रोग लाग्दा पनि विदेशका महँगा अस्पतालमा महिनौ बिताएका उदाहरण छन् । यसैले होला हामी सबै परिवेश र अवस्थालाई एउटै नजरले हेर्न अभ्यस्त भएका छौं । परन्तु, राष्ट्रपति पौडेलको हालको उपचार विगतको विकृतिको पुनरावृत्ति होइन । अलि सूक्ष्म दृष्टिले हेर्दा पौडेलको उपचार आवश्यकता र बाध्यताको उपज देखिन्छ । उनका निकट व्यक्तिहरू र विषेशज्ञ डाक्टरहरूको कथनले पनि यसलाई पुष्टि गर्छ ।

राष्ट्रपति पौडेलको स्वास्थ्यमा समस्या देखिनासाथ नेपालको विश्वसनीय सरकारी अस्पताल 'त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल ' माभर्ना गरिएको थियो । स्वास्थ्यमा केही सुधार भएपछि निवासमा नै फर्किएर निजी चिकित्सकको निगरानीमा केही बसेको देखिन्छ । पुन: स्वास्थ्यमा गडबडी भएपछि शिक्षण अस्पतालमा नै भर्ना गरिएको रहेछ । चौध दिनसम्म शिक्षण अस्पतालमा उपचार गराउँदा पनि स्थिति थप जटिल हुँदैपछि त्यहाँका डाक्टरहरुको परामर्शमा थप उपचारका लागि दिल्ली लानु परेको रहेछ ।

दिल्लीमा पनि राष्ट्रपति पौडेल महँगो अस्पतालमा नगई सार्वजनिक अस्पतालमै भर्ना भएको देखिन्छ । उनलाई राखिएको अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस (एम्स) भारतको सरकारी अस्पताल नै हो । सामान्य नेपालीले पनि गम्भीर रोग लाग्दा कम खर्चिलो मानेर उपचार गराउँदै आएको अस्पताल हो । नेपालका कतिपय निजी अस्पतालभन्दा राष्ट्रपति पौडेलको उपचार गराइएको एम्सको खर्च निकै कम छ ।

यता राष्ट्रपतिलाई एम्स लगिनुसँगै उनको उपचार खर्चका बारेमा अतिरञ्जित हल्ला फैलाउनु भने सामान्य हल्लाखोरी नभएर नियोजित र प्रायोजित प्रचारवाजी भएको सन्देह गर्नु पर्ने देखियो । यसैबीच राज्यकोषको दुरुपयोग गरेर परिवारका सदस्यहरूसमेत भत्ता खानैका लागि दिल्ली पुगेको हल्ला पनि अतिरञ्जितरुपमा फैलाउन खोजियो । नेपालको कानुनले भ्रमणका लागि विदेश जाने र उपचारका लागि विदेश जाने अवस्थालाई फरकरूपमा स्पष्ट पारेको छ । भ्रमण भत्ता भन्नासाथ राजकीय र औपचारिक भ्रमणका बेलामा मात्र लागु हुने विषय हो । तर, यति जान्दाजान्दै सरासर असत्य प्रचार गराइयो ।

उपचारका लागि जाँदा कानुनले कुनै भत्ता वा सुविधा तोकेको छैन । अभिभावक बिरामी हुँदा हेरचाह र रेखदेखमा परिवारका सदस्य जानु अस्वाभाविक विषय पनि होइन । बरू, यस्तो संवेदनशील विषयलाई यसरी अतिरञ्जित गर्नु मानवीयताका दृष्टिमा कति उचित देखिन्छ विवेकशील नागरिकहरूले नै विचार गरौं ।

वर्तमान राष्ट्रपतिको चयन हुनासाथ पौडेल त्यसअघि संलग्न राजनीतिक दल नेपाली कांग्रेसबाहेकका अन्य दलका नेताले समेत उनको निष्कलङ्क छविको प्रशंसा गरेका थिए । प्राय: सबैको आलोचना गर्ने राधाकृष्ण मैनालीले समेत कुनै आक्षेप र आर्थिक विचलनको दोषारोपणबाट मुक्त व्यक्ति भनेर राष्ट्रपति पौडेलको प्रशंसा गरेका थिए ।

रामचन्द्र पौडेल नेपालको राजनीतिमा कसैले टपक्क टिपेर स्थापना गरेका पात्र होइनन् । उनी आधाशताब्दीभन्दा लामो राजनीतिक यात्रामा लोकतन्त्रका पक्षमा अविचलित रहेको सबैलाई थाहा नै छ । यस्तै करिब तीन दशकभन्दा बढी समय राज्य सञ्चालनको विभिन्न भूमिकामा रहँदा पनि निष्कलङ्क रहेका थोरै पात्रमध्येका हुन् । लोकतन्त्र उनको मन, वचन र कर्ममा भिजेको छ ।

राष्ट्रपतिमा निर्वाचित हुनासाथ उनले सवारी शब्दको सट्टा 'अवागमन' शब्द प्रयोग गराए । राजधानी काठमाडौंमा पहिलोपटक राष्ट्रपतिको आवागमनमा सडक जाम भएन, एम्बुलेन्स रोकिएन । कसैका टाउकामा प्रहरीको लाठी बज्रिएन ।

राष्ट्रपति पदको मर्यादा बुझेका उच्च राजनीतिक संस्कार बोकेका राष्ट्रप्रमुखको उपचार स्वदेशमा जटिल भएपछि भारतको सरकारी अस्पतालमा लैजानुलाई कथित राष्ट्रवादका नामबाट विवादस्पद बनाइनु गणतान्त्रिक व्यवस्थाको साख गिराउने खेल हो । उनले चाहेका भए त्यसभन्दा धेरै महंगो पर्ने थाइल्यान्ड वा अमेरिका पनि जान सक्थे । भारतमै पनि धेरै खर्च लाग्ने महँगा अस्पताल छन् ।

राष्ट्रपति पौडेलको उपचार भने नेपालकै 'त्रिवि शिक्षण अस्पताल' को प्रतिरुप भन्न सकिने एम्समा गरियो । तै पनि किन यति ठूलो विवादास्पद बनाइयो । यो विवादका प्रायोजकहरूको खोजी गरी तीनको सक्कली अनुहार जनसमक्ष ल्याउनु राष्ट्रको चौथो अंगको पनि दायित्व हो ।

नेपालको सरकारी अस्पतालमा तीन तीनपटक भर्ना भई दुई साताभन्दा बढी एन्टिवायोटिक चलाउँदा पनि ठीक नभएपछि राष्ट्र प्रमुखलाई उपचार नगराई यहीँ राख्नु कति उचित हुन्थ्यो ? यसैले चिकित्सकहरुले नेपालमै उपचार गराउने जोखिम लिन नचाहेर भारत लैजान सुझाव दिएको हुनुपर्छ । प्रधानमन्त्री पुष्पकमल दाहालले सार्वजनिक समारोहमै दिएको जानकारीअनुसार चिकित्सकको सुझाव पनि सुरुमा त राष्ट्रपतिले मानेनछन् । उनी त यहीँ उपचार गराउन चाहन्थे रे !

तैपनि, पौडेलको उपचारमा यस तहको दुष्प्रचार किन र ककसबाट भइरहेछ भन्ने पनि बुझ्नु जरुरी छ । विगतमा राष्ट्रपति भएकाहरू समेतका कारण लोकतान्त्रिक गणतन्त्रप्रति जनता निस्पृह हुनथालेकोमा रमाएका गणतन्त्रविरोधीहरू रामचन्द्र पौडेल राष्ट्रपति निर्वाचित हुनासाथ निराश भएका थिए ।

पौडेलले उमेदवारी दर्ता गर्दा नै आफूले राष्ट्रपति पदलाई सरल र नागरिकमैत्री बनाउने तथा राजतन्त्र र गणतन्त्रको फरक देखाउने बाचा गरेका थिए । निर्वाचित भएलगत्तैका उनका कदमले त्यसको पुष्टि पनि गरेको छ । यसबाट गणतन्त्र विरोधीहरु त कुण्ठित भएका थिए नै पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको राजसी शैली आलोचित भएकै बेला राष्ट्रपति पौडेलको सादगीले जनताले रुचाएको देखेर नेकपा (एमाले)का नेता, कार्यकर्ता पनि बढी नै छटपटाए ।

अहिलेको राष्ट्रपति पौडेलको उपचारका सम्बन्धमा गरिएको दुष्प्रचार र फैलाइएको अनर्गल हल्ला यिनै हीनभावनाले कुण्ठित मानसिकताको उपज हो भन्दा अत्युक्ति हुँदैन । निमोनियासँग संङघर्ष गरिरहेका राष्ट्रप्रमुखमाथि गरिएको दुराशयपूर्ण पूर्वाग्रही प्रहार जति अमानवीय छ त्यति नै अनपेक्षित पनि हो ।

*(साभार: बाह्रखरी)*

# जग्गाको वर्गीकरणमा स्थानीय सरकारको बदमासी : काठमाडौंमा रहेन कृषि क्षेत्र



काठमाडौं/काठमाडौं उपत्यकाको माटो नेपालकै सबैभन्दा उर्बरमध्येमा पर्छ । कुनै समय ठूलो तलाउ रहेको मानिने उपत्यकाको माटोको बनोट कृषिका लागि अहिले पनि उत्तिकै उब्जाउ मानिन्छ ।

एक पूर्व कृषि सचिवका अनुसार काठमाडौंका लागि कुनै समय कृषि नै मुख्य आयस्रोत थियो । यहाँका कीर्तिपुर, पाटन, बसन्तपुर, भक्तपुर लगायतका मुख्य शहरबाहेकका क्षेत्र सबै कृषि भू-भागहरु थिए । ती भू-भागमा कृषिका लागि राजकुलोहरु बनाइएका थिए, त्यस्ता कुलो कतिपय क्षेत्रमा अझै भेटिन्छन् ।

समयक्रममा काठमाडौंका कृषि क्षेत्रमा बस्ती बढ्दै गएर अहिलेको अवस्थासम्म आइपुग्यो । आधुनिक काठमाडौंका शासकहरुले यहाँ कृषि भू-भागको संरक्षणलाई कहिल्यै प्राथमिकतामा राखेनन् ।

मासिँदै गए पनि काठमाडौं उपत्यकाभित्र अझै पनि तरकारी र फलफूल खेती भइरहेका प्रशस्तै जमिन भेटिन्छन् । धेरैजसो 'टेनल खेती' भइरहेका यस्ता कृषियोग्य जग्गा जमिन कति छन् भन्ने यकिन भने छैन । तर, अब सरकारी तथ्यांकमा ती कृषि जमिन कृषियोग्य रहेनन् ।

भू-उपयोग नियमावली अनुरुप असल नियतले वर्गीकरण नगर्दा काठमाडौंमा अब केही वर्षपछि कृषिका लागि जमिन नै नबच्ने जोखिम देखिएको छ । किनभने सबैजसो स्थानीय तहले उपत्यकाभित्र 'कृषियोग्य जमिन नभएको' घोषणा गरेका छन् ।

७५३ मध्ये धेरै स्थानीय तह कृषियोग्य जमिनलाई 'कृषि प्रयोजन'को ठहर गर्न डराइरहेका छन् । भूमि व्यवस्था तथा अभिलेख विभागका अनुसार हालसम्म १५८ स्थानीय तहले कृषि र गैरकृषि जमिन छुट्याएका छन् । तर यसरी जमिन वर्गीकरण गर्ने निर्णयमा पनि विश्वसनीयता र पारदर्शितामा प्रश्न उठेको छ ।

किनकि भूमाफियाको चलखेल र स्थानीयका अरुचीका साथसाथै स्थानीय जनप्रतिनिधिले 'राजनीतिक लाभ-हानी'का आधारमा कृषियोग्य जमिनलाई गैरकृषि क्षेत्र घोषणा गर्ने क्रम प्रवृत्तिकै रुपमा देखिएको विज्ञहरु बताउँछन् ।

जमिनको खण्डीकरण रोक्ने र कृषियोग्य जमिन बचाउने उद्देश्यका साथ २०६९ सालमा राष्ट्रिय भू-उपयोग नीति ल्याइएको थियो । २०७६ मा भू-उपयोग ऐन आयो, तर नियमावली आउन ३ वर्ष लाग्यो । अधिकारीहरुका अनुसार भू-उपयोग नीति बनाउने क्रममै भूमाफियाहरु जग्गा वर्गीकरणको नियम बन्न नदिन सक्रिय थिए ।

२३ जेठ, २०७९ मा बल्ल भू-उपयोग नियमावली-२०७९ जारी भयो, जसले जमिनलाई कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी, खोला, ताल, सिमसार सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र र सरकारले तोकेको अन्य क्षेत्र भनेर वर्गीकरण गर्न सक्ने व्यवस्था भयो ।

साथै सरकारले कृषि र गैरकृषि जमिन नछुट्याए जग्गा कित्ताकाट नहुने व्यवस्था गर्‍यो । जग्गा खरिद-बिक्री अंश वण्डासम्म असार पर्ने भएपछि स्थानीय तहले भू-उपयोग परिषद्रुबाट आफ्नो क्षेत्रका जमिनको वर्गीकरणको गृहकार्य थाले । तर उपत्यकाका अधिकांश स्थानीय तहले 'कृषि क्षेत्र छैन' भन्ने घोषणा गरेका छन् । दक्षिणकाली, चाँगुनारायण र सूर्यविनायक नगरपालिकाले मात्र कृषि जमिन भएको घोषणा गरेका छन् ।

काठमाडौंको दक्षिणकाली नगरपालिकाले आफ्नो ४० प्रतिशत जमिन कृषियोग्य रहेको घोषणा गरेको छ । उपमेयर बसन्ती तामाङ वडाहरुमार्फत जनतासँग छलफल गरेरै कृषियोग्य जमिनलाई कृषि क्षेत्र घोषणा गरेको बताउँछिन् । 'हामीले वर्गीकरणका लागि छलफल थालेपछि जग्गामा चलखेल गर्नेहरुले भ्रम फिजाएकाले अझै कतिपय कृषियोग्य जमिन गैरकृषि क्षेत्र बनाउनुपर्‍यो,' उनले भनिन्, 'हामी त अझ धेरै जमिन कृषि क्षेत्र निर्धारण गर्ने पक्षमा थियौं ।'

काठमाडौंको काठमाडौं महानगरपालिकाका साथै नागार्जुन, चन्द्रागिरि, कीर्तिपुर, बूढानीलकण्ठ, कागेश्वरी मनहरा, गोकर्णेश्वर, तारकेश्वर, शंखरापुर र टोखा नगर पालिकाले नगरमा कृषियोग्य क्षेत्र नरहेको घोषणा गरेका छन् ।

टोखा नगरपालिकाले १, २ र ३ नम्बर गरी ३ वटा वडाको वर्गीकरण टुंगयाउन बाँकी छ । अन्य क्षेत्रलाई भने गैरकृषि क्षेत्र घोषणा गरिसकेको मेयर प्रकाश अधिकारीले बताए । ललितपुर महानगरपालिकाले खोकना र हरिसिद्ध जस्ता फाँटलाई पनि गैरकृषि जमिनमा सूचीकृत गरेको छ । गोदावरी र महालक्ष्मी नगरपालिकाले पनि आफ्ना सबै जमिनलाई 'गैरकृषि' क्षेत्र घोषणा गरेका छन् ।

भक्तपुरका चार वटै नगर पालिका भक्तपुर, चाँगुनारायण, मध्यपुर थिमि र सूर्यविनायकले पनि जग्गाको वर्गीकरण टुंगयाएका छन् । सूर्यविनायक र चाँगुनारायण नगर पालिकाले ५-७ प्रतिशत भएपनि कृषियोग्य जमिन भनेर छुट्याएका छन् । मध्यपुरथिमि र भुक्तपुर नगर पालिकाले भने सबै जमिनलाई गैर कषि क्षेत्र निर्धारण गरेको भक्तपुर मालपोत प्रमुख लोकबहादुर भण्डारी बताउँछन् । 'शहरी करण भएको ठाउँ त आवासीय क्षेत्र हुने भइहाल्यो,' भण्डारी भन्छन्, 'सबैले आफ्नो जग्गा आवासीय नै होस् भन्ने चाहान्छन् भने स्थानीय तहले किन कृषि क्षेत्र भनेर तोक्लान् र ?'

कित्ताकाट खोल्न परेको चौतर्फी दबाबका आधारमा अधिकांश स्थानीय तहले कृषियोग्य जमिन छुट्याउन पर्याप्त गृहकार्य नै गरेनन् । 'कृषि योग्य जमिन छैन' भन्ने सोलोडोलो निर्णयका आधारमा सबै जमिनलाई गैरकृषि उपयोगको जमिन ठहर्‍याएका छन्, जुन भविष्यमा अन्य प्रयोजनमा लाग्ने निश्चित छ ।

**किन तोकिएन कृषि क्षेत्र ?**

भू-उपयोग नियमावलीमा कृषि क्षेत्रका रुपमा तोकिएको जग्गा काठमाडौं उपत्यकाभित्र ५०० वर्गमिटर, तराई र भित्री मधेशमा ६७५ वर्गमिटर र अन्य भू-भागमा एक हजार वर्गमिटरभन्दा कम हुने गरी कित्ताकाट गर्न नपाइने नियम छ । यस्तो जमिनलाई भविष्यमा अन्य प्रयोजनमा लैजान संघीय सरकारले निर्णय गरेर राजपत्रमा सूचना निकाल्नुपर्ने प्रक्रिया तोकिएको छ ।

एक प्रमुख प्रशासकीय अधिकृतका अनुसार कृषि क्षेत्र घोषणा गरेको जग्गा सहजै टुक्र्याएर बेच्न नपाइने भएपछि स्थानीयहरुले आफ्नो जमिन कृषि क्षेत्रमा राख्न सहजै तयार भएनन् । कृषि क्षेत्र वा गैरकृषिमा राख्दा हुने मूल्यांकन हरे ।

भूमाफियाहरुले पनि चलखेल गरे । 'प्लटिङ गर्ने व्यवसायी र भूमाफियाहरुले पनि कृषि जमिन बनाएमा जग्गा बन्धक बन्छ भन्ने सन्देश टो-टोलमा पुर्‍याए,' उपत्यकामा कार्यरत एक प्रमुख प्रशासकीय अधिकृत भन्छन्, जनप्रतिनिधिहरुले पनि कृषि क्षेत्रभन्दा गैरकृषि घोषणा गर्ने मनासयले नै काम गरे ।' स्थानीय जनप्रतिनिधिले स्थानीयको इच्छा विपरीत जमिनलाई कृषियोग्य घोषणा गर्दा चुनावमा हुने राजनीतिक लाभहानी हेरे, जसले गर्दा ले भू-उपयोग नियमावलीलाई नै फ्लप खुवाउने गरी सबै जमिन गैरकृषि क्षेत्र बन्न पुगे ।

कतिपय वस्ती विकास भइरहेका क्षेत्रमा खाली देखिएका जमिन कित्ताकाट भएर खण्ड-खण्ड भइसकेकाले त्यसलाई 'कृषि क्षेत्र' घोषणा गर्ने अवस्था नभएको एक पूर्व कृषि सचिव बताउँछन् । कृषि भू-भाग घोषणा गरेपछि जमिनको मूल्यांकन पनि कम गर्नुपर्ने लोभमा पनि स्थानीय तहले यस्तो गल्ती गरेको उनको भनाइ छ । उनका अनुसार कृषि जमिनको मूल्यांकन कम हुने भएकाले धितोमा ठूलो बैंकिङ कर्जा लिन समेत समसया पर्ने बुझाइ स्थानीयहरुको छ ।

कर असुलीको हिसाब किताबले समेत यस्तो निर्णयमा बल पुगेको उनको धारणा छ । 'कृषि जमिनमा एकीकृत सम्पत्ति कर पनि धेरै उठाउन पाउँदैनन्, घडेरीका रुपमा राखिएको जमिनको कर पनि उच्च हुन्छ,' ती कृषि सचिव भन्छन्, 'सबै खाली जमिनलाई त हैन, तर, अझै पनि कुनै ठाउँमा ठूलो कृषि क्षेत्र खाली छ भने त्यसलाई जोगाउन सके त्यसले काठमाडौं उपत्यकालाई लाभ हुन्छ ।' कृषि जमिन र त्यसका धनीलाई राज्यले दिने सुविधा बढाएर यस्तो चक्लाबन्दी प्रोत्साहन गर्न सकिने उनको मत छ ।

गोकर्णेश्वर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बैकुण्ठप्रसाद सापकोटा पनि खाली र कृषि भइरहेका जमिनलाई कृषि क्षेत्र घोषणा गर्दा स्थानीय आन्दोलित हुने अवस्था बनेको बताउँछन् । 'शहरीकरण हुँदै गएको ठाउँमा वल्लो घर भएको जग्गालाई आवासीय र पल्लो खाली भएको कारण कृषियोग्य जमिन भन्ने हो भने मान्छे खुकुरी लिएर आउने अवस्था रह्यो,' उनले भने, 'जग्गाको मूल्यांकनमा पनि असर गर्ने भएपछि सबैलाई गैरकृषि जमिन भन्यौं ।'

तारकेश्वर नगरपालिकका प्रवक्ता राधाकृष्ण खड्गी स्थानीयहरुसँग कृषि क्षेत्र घोषणा गर्न निवेदन मागेपनि नपरेको बताउँछन् । 'कसैले आफ्नो जमिन कृषियोग्य हो भनेर घोषणा गर्न चाहेनन्,' उनले भने, 'त्यसैले हामीले कृषि क्षेत्र छैन भन्यौं ।'

ललितपुरका ३ वटा गाउँपालिका कोन्ज्योसोम, बाग्मती र महाँकालले आफ्नो क्षेत्रभित्र कृषियोग्य जमिन निर्धारण गरेका छन् । तर, यस्तो जमिन निकै सानो परिमाणमा मात्रै हुने देखिएको मालपोत कार्यालय गोटिखेलका प्रमुख सुवर्ण बज्राचार्य बताउँछन् । 'गाउँपालिकाहरुमा थोरै प्रतिशत मात्रै कृषियोग्य भनेर निर्धारण भएको हुनसक्छ,' उनी भन्छन्, 'मुख्य सडकबाट २०० मिटर र सहायक सकडकको ५० मिटर दायाँ-बायाँसम्मको जमिनलाई आवासीय भनिएको छ, बाटो नपुगेको नछोएको ठाउँ नै कति छ र ?'

गोदावरी नगरपालिकाका मेयर गजेन्द्र महर्जन संघीय सरकारले लागू हुनै नसक्ने व्यवस्था ल्याएको बताउँछन् । 'गैरकृषि भनेनौं भने त भविष्यमा जग्गा धनीले जग्गा नै बेच्न नसक्ने भए,' उनले भने, 'हामीले सबै सबै वडासँग राय माग्यौं, सूचना जारी गर्‍यौं तर, कसैले पनि कृषियोग्य हो भन्नुभएन ।' बुढानीलकण्ठका नगर पालिकका प्रशासकीय अधिकृत केदार बहादुर खड्का भने कृषि क्षेत्र छैन भन्नुलाई कृषि नै हुँदैन भन्ने अर्थमा बुझ्न नहुने बताउँछन् । 'नगरभित्र कृषियोग्य ठूला प्लटहरु छैनन्, तर करेसाबारी र कौसी खेती हुन्छन्,' उनले भने ।

**खण्डीकरण रोक्नु अनिवार्य**

पूर्वभूमि व्यवस्थामन्त्री शशी श्रेष्ठ मुख्य रुपमा कृषि योग्य जमिन बचाउनकै लागि निकै संघर्ष गरेर नियमावली ल्याइएको सम्झिन्छिन् । भूमिलाई समुचित व्यवस्थापन र उपयोग गरेर सहकारीको माध्यमबाट उत्पादन र उत्पादकत्व बढाएर आत्मनिर्भर अर्थतन्त्र विकास गर्न यस्तो व्यवस्था गरिएको उनले बताइन् । तर, कतिपय स्थानीय तहरुले कृषि क्षेत्र नै छैन भनेर गल्ती गरिरहेको भन्दै उनले नियमावलीको व्यवस्थालाई कसैले नर्काउन नमिल्ने उल्लेख गरिन् ।

'हामी जतिसुकै सम्पन्न भएपनि धनाढ्य भएपनि अठ्ठेरोमा पैसा त खान मिल्दैन । सिसमहलमै बसेपनि सुनचाँदी त खान मिल्दैन, खोले नै खान पनि खाद्यान्न नै चाहियो,' उनले भनिन्, 'हाम्रो जस्तो देशमा कषि प्रवर्द्धनका लागि जग्गाको खण्डकीरण रोक्नुपर्छ । कृषि उत्पादनमा जोड दिनुपर्छ ।'

यस्तो काम गर्न ढिला भइसकेको र शहरहरु कंक्रिटको जंगल बनेको भन्दै उनले जग्गाको वर्गीकरण गर्ने व्यवस्था वैज्ञानिक भएको बताइन् । 'यदि पुरानै हिसावबाट जमिनलाई खण्डकीरण गर्न दिइरहने हो भने यो मुलुकको लागि इतिहासकै अत्यन्तै दुखान्त घटना हुन्छ' उनी भन्छिन् ।

पूर्वसचिव गोपीनाथ मैनाली भूमिको सम्भावना, उपलब्धता र उपयोगलाई हेरेर व्यवस्थित गर्न संघीय सरकार र स्थानीय तहहरु चुक्न नहुने बताउँछन् । 'ऐनलाई बहिष्कार गरेर सामान्य तवरले कार्यान्वयन गर्नेतर्फ लाग्यौं भने भूमि व्यवस्थापनको भावना कार्यान्वयन हुँदैन,' उनले भने,'त्यो भनेको पुरानै रुपमा जाने अवस्था हो, कृषियग्य जमिनको खण्डकीरण नरोकिने भएर यत्रो नीति नियको के अर्थ हुन्छ ।'

अर्थविद केशव आचार्य अर्थतन्त्रको समस्याको दीर्घकालीन समाधन भूमिको व्यवस्थापनबाट नै हुनसक्ने बताउँछन् । सुधारका लागि थालिएको सत्प्रयास समेत बिथोल्ने सकैले काम गर्न नहुने उनको भनाइ छ । 'सरकारले एउटा बाटो बनाइ दिएपछि १० हजार पर्ने जग्गाको मूल्य रातारात १० लाख हुन्छ, निजी क्षेत्रले खर्बौं रुपैयाँ ऋण लिएर जग्गा र पूँजीबजारमा लगानी गरेको छ,' उनी भन्छन्, 'बसी-बसी कुनै परिश्रम नगरी जग्गाको मूल्य बढाएर लाभ खाँदैछ, यसैलाई बढावा दिने हो भने कसरी उत्पादक क्षेत्रमा लगानी आउँछ ?'

देशभित्र लगानीको वातावरण बनाउन भूउपयोग नियमावली हुबहु लागु हुनुपर्ने आचार्यको भनाइ छ । जग्गाको खण्डीकरण रोक्दै कृषि, उद्योगको प्रवर्द्धन गर्न नै यो ऐन र नियमावली बनेको भन्दै उनले सकेसम्म आफ्नो जमिलाई कृषियोग्यमा सूचीकृत गर्न नमान्ने प्रवृत्तिका कारण स्थानीय तहले वर्गीकरणमा समस्या भोगिरहेका बेला संघीय सरकारले नियमावली नै फेर्न खोजेको समेत आपत्ति जनाए । 'अहिले जग्गामा एक करोड लगानी गर्ने, ६ महिनापछि डेढ करोडमा बेच्ने, अर्को एक वर्षमा ३ करोडमा बेच्ने प्रवृत्ति प्रोत्साहन गरेर कसले लाभ पाउँछ, देशको विकास कसरी हुन्छ ?,' अर्थविद आचार्य प्रश्न गर्छन्, 'यसले उत्पादन बढाउँदैन, विपन्नहरुले आवास समेत नपाउने अवस्था बन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम




**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

# पुल भासिएपछि हेटौंडाको बाटो प्रयोग गर्न अनुरोध

साझाकुरा संवाददाता



हेटौंडा, १८ वैशाख/ पृथ्वी राजमार्गको नौबिसे मुग्लिन खण्डमा यातायात अवरुद्ध भएको छ । संघीय राजधानी काठमाडौंसँग जोड्ने प्रमुख राजमार्ग अवरुद्ध भएपछि वैकल्पिक सडक प्रयोग गर्न अनुरोध गरिएको छ ।

धादिङको थाक्रे गाउँपालिका र धुनिवेंसी नगरपालिका जोड्ने गणेशखोलाको पुल भासिँदा यातायात अवरुद्ध भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय धादिङले जनाएको छ । सोमबार रातिसम्म पनि यातायात सञ्चालन हुन सकेको छैन । पुल नै भासिएपछि ट्राफिक प्रहरी कार्यालय धादिङले हेटौंडा-पालुङ-नौबिसे सडक खण्डअन्तर्गत्को त्रिभुवन राजपथ प्रयोग गर्न सवारीसाधनलाई अनुरोध गरेको छ । यसअघि पनि पृथ्वीराजमार्ग अवरुद्ध हुँदा काठमाडौं जाने सवारीसाधनहरु त्रिभुवन राजपथबाट सञ्चालन हुने गरेका थिए ।

सोमबार दिउँसो वर्षा भएपछि पुलको धुनीबेंसी पट्टीको भाग भासिएको थियो । दिउँसो केही समय एकातर्फी भएको सवारी आवागमन दिउँसो ४ बजेदेखि पूरै सडक भासिएर आवागमन नै बन्द भएको जिल्ला प्रहरी कार्यालय धादिङका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवालले जानकारी दिए । भासिएको पुलसँगै सडक आयोजनाले नयाँ पुल निर्माणको काम थालेको थियो । नयाँ पुल निर्माणका लागि पुल छेउमा केही समयदेखि खनिएको थियो । राजमार्ग अवरुद्ध भएपछि साना सवारीसाधनलाई कच्ची सडक प्रयोग गरी आवागमन गरिएको छ । ट्राफिक प्रहरीले काठमाडौं नुवाकोट गल्छीको बाटो प्रयोग गर्न पनि अनुरोध गरेको छ ।

# अभिभावक शिक्षा कार्यक्रम

साझाकुरा संवाददाता




हेटौंडा, १८ वैशाख/ हेटौंडा उपमहानगरपालिका-६, स्थित चौघडा सामुदायिक सिकाई केन्द्रको आयोजनामा अभिभावक शिक्षा कार्यक्रम भएको छ ।

हेटौंडा उपमहानगर पालिका शिक्षा महाशाखाको सहयोगमा सोमबार अभिभावक शिक्षा कार्यक्रमको आयोजना भएको हो । कार्यक्रमका सहभागी अभिभावकहरुले विद्यालयमा सरसफाई, स्वास्थ्यको व्यवस्था राम्रो हुन नसकेको खानेपानी र खाजाको व्यवस्था सोचेअनुसार नभएको गुनासो गरे । कार्यक्रममा वंशगोपाल माध्यमिक विद्यालयका शिक्षक रविन्द्रकुमार गौतमले सहजीकरण गरेका थिए ।

घर विद्यार्थीको पहिलो पाठशाला भएकाले विद्यार्थीहरुले घर बाटै राम्रो संस्कार सिक्नुपर्ने, अभिभावकले आफ्ना छोराछोरीहरु विद्यालय गए/नगएको निगरानी गर्नुपर्ने, शिक्षकसँग निरन्तर परामर्श गर्नुपर्ने, विद्यार्थीको रुची अनुसारको काममा सहयोग गर्नुपर्नेलगायत विषय उठेका छन् ।

६ नम्बर वडाका वडा सदस्य लेखराज ढकालको प्रमुख आतिथ्यता तथा चौघडा सामुदायिक सिकाई केन्द्रका अध्यक्ष श्रीराम पुडासैनीको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा वंशगोपाल माध्यमिक विद्यालयका प्राचार्य रमेश प्रसाद लामिछाने, नवजीवन ज्योति क्लबका अध्यक्ष राजकुमार बास्तोला, वंशगोपाल माध्यमिक विद्यालय व्यवस्थापन समिति सदस्य अमुना सापकोटा, सिकाई केन्द्रकी सहजकर्ता नानीमाया रुम्बा, अभिभावक लगायतको उपस्थिति थियो । सिकाई केन्द्रले २०७१ सालदेखि हेटौंडा उपमहानगरपालिकाको सहयोगमा अभिभावक शिक्षा कार्यक्रम गर्दै आएको छ ।

# 'ए साथी सुन' गीतमा वर्षाको यादमा भावुक रमेश

काठमाडौं/आगामी जेठ ५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'ए साथी सुन'को 'मनले भन्छ' बोलको गीत सोमबार युट्युबमा सार्वजनिक गरिएको छ । गीतमा हर्क साउदको शब्द रचना तथा उज्वल सागरको संगीत र स्वर रहेको छ । लिरिकल गीतमा फिल्मका मुख्य अभिनेता रमेश बानियाँ र अभिनेत्री वर्षा सिवाकोटी प्रस्तुत छन् । उनीहरुको प्रेम र वियोगको दुईवटा पाटो गीतमा देखाइएको छ ।

लभस्टोरी, थ्रीलर र कमेडी जनरामा बनेको फिल्ममा वर्षा र रमेशका साथै आयन खड्का, सुशिल पोखरेल, जयनन्द लामा, रमेश अधिकारी, बिमला गिरीलगायतको पनि अभिनय छ । फिल्ममा कृष्मा खड्का र इभान सन्जेलले बाल कलाकारको रुपमा अभिनय गरेका छन् । 'ए साथी सुन' स्व. जयनन्द लामाको अन्तिम फिल्म समेत हो । २०७८ सालको फागुनमा उनको निधन भएको थियो ।

राम राघव आचार्यको लेखन तथा निर्देशन रहेको फिल्मलाई बीना कार्की र सन्तोषकुमार राईले मिलेर निर्माण गरेका हुन् । इभान इन्टरटेनमेन्टको प्रस्तुतिमा निर्माण भएको फिल्मको सह-निर्मातामा सुदीप पौडेल छन् । फिल्मलाई आरआर फिल्म्सले वितरण गर्ने अधिकार लिएको छ ।

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

**Printer Shop**
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

साझाकुरा


"तपाई, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# वडा अध्यक्षकै घरबाट गाँजा बरामद, एकाघरका तीन जना पक्राउ

साझाकुरा संवाददाता



हेटौंडा, १८ वैशाख/ विशेषत: मकवानपुरको राक्सिराङ र कैलाश गाउँपालिकामा व्यावसायिक रुपमै अवैध गाँजा तथा अफिम खेती हुने गरेको छ ।

कानुनले बर्जित गरेको गाँजा खेती नियन्त्रणमा जनप्रतिनिधिदेखि सरोकारवालाले चासो नदिँदा राक्सिराङ र कैलाशका धेरै युवा तथा बृद्धहरु भीमफेदीलगायत कारागारमा कैद भुक्तान गरिरहेका छन् । तरकारी खेती गर्नुपर्ने बारीका पाटामा मकैभित्र लुकाएर लगाइने गाँजा खेतीले धेरैको परिवार नै उझाडिएको घटना जिल्लामा छन् ।

अवैध गाँजा खेतीलाई निरुत्साहित गर्नुपर्नेमा मकवानपुरमा निर्वाचनका बखत गाँजा खेतीलाई कानुनी मान्यता दिलाउने आश्वासनले सोझासाझा नागरिकहरु जेलको हावा खान विवश छन् । तस्करी र माफियाहरुको बनावटी जालसाझीमा परी गाँजा खेती र ओसारपसारमा राक्सिराङ र कैलाशका धेरै सोझासाझा युवा तथा बृद्धहरु जेल जीवन बताइरहेको घटना नयाँ भने हैन ।

तर, मकवानपुरमा जनतालाई गाँजा खेती र ओसारपसारमा नलाग्न सचेतना फैलाउनुपर्ने जिम्मेवार तहका वडा अध्यक्ष नै गाँजा कारोबारको आरोपमा पक्राउ परेका छन् । जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका-७ का वडा अध्यक्ष शिवराज थिङ सोमबार गाँजासहित घरबाटै पक्राउ परे । शिवराजसहित एकाघरका तीन जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरले दिएको जानकारीअनुसार वडाध्यक्ष थिङसहित भीमलाल थिङ र इन्द्रबहादुर थिङ पक्राउ परेका छन् । तीनै जना एउटै परिवारको रहेको खुलेको छ । भीमलाल वडाध्यक्ष शिवराजको बाबु हुन् भने इन्द्रबहादुर नातामा काका पर्छन् । थाहा-७, आग्रा घर भएका वडाध्यक्ष शिवराम ३९ वर्षका हुन् भने उनका बाबु ७६ र काका इन्द्रबहादुर ६७ वर्षका भए ।

शिवराज गत ३० वैशाखमा भएको स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसबाट वडा अध्यक्षमा निर्वाचित भएका हुन् । उनले नेकपा माओवादी केन्द्रका बिनायक गोलेलाई झिनो मतान्तरले पराजित गरेका थिए । १२ मतान्तरले मात्रै वडाध्यक्ष बनेका उनले नौ सय १६ मत पाउँदा बिनायकले नौ सय ४ मत ल्याएका थिए । सोमबार बिहान ८ बजेको समयमा लागूऔषध नियन्त्रण ब्युरो कोटेश्वर काठमाडौंबाट खटिएको प्रहरी टोली र जिल्ला प्रहरी कार्यालयबाट प्रहरी नायव निरीक्षक उमेशप्रसाद कोइरीको कमान्डमा खटिएको संयुक्त टोलीले शिवराजको घरबाट र इन्द्रबहादुरको घरबाट गरेर २ सय २ किलो लागूऔषध गाँजा र धुलो बरामद गरेको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले उनीहरुलाई पालुङ ईलाका प्रहरी कार्यालयमा ल्याएर राखिएको जानकारी दिए । घरमा लागूऔषध गाँजा बिक्री वितरण गर्ने उद्देश्यले लुकाएर राखेको अवस्थामा प्रहरी टोलीले बरामद गरेको डीएसपी कार्कीले जानकारी दिए । शिवराजको घरबाट ३० वटा पोकामा २७ किलोग्राम गाँजाको धुलो र ईन्द्रबहादुरको घरबाट १० वटा बोरामा एकसय ७५ किलो लागूऔषध गाँजा गरी कूल दुईसय २ किलो लागूऔषध गाँजा तथा धुलो फेला पारिएको कार्कीले बताए ।

कोरोना कहरको मौकामा मकवानपुरको दुर्गम बस्तीहरुमा गाँजा खेती बढ्दै गएको थियो । गाउँका व्यापारी एवम् तस्करहरुको उक्साहट र लगानीमा जिल्लाका पश्चिमी क्षेत्रमा पर्ने राक्सिराङ र कैलाश गाउँपालिकाका अधिकांश भागमा गाँजा रोप्ने क्रम कोरोना कहरमा बढेको हो । त्यसयता स्थानीयले गाँजा खेतीलाई नरोकेको जानकारी प्रहरी कार्यालयसँग छ । कोरोना कहरपछि मात्रै प्रहरीले पटक-पटक गाँजा तथा अफिम खेती फँडानी गर्दै आइरहेको डीएसपी कार्की बताउँछन् । उनले चालू आर्थिक वर्ष २०७९/०८० को चैत मसान्तसम्म मात्रै लागूऔषध मुद्दामा पक्राउ परेकामध्ये ७० प्रतिशत राक्सिराङ, कैलाश र हेटौंडा उपमहानगरका हुने गरेको जानकारी दिए । प्रहरी हिरासतमा रहेका ५९ जनामध्ये ६० प्रतिशत लागूऔषध ओसारपसारका आरोपित छन् ।

२०७४ मा स्थानीय तह निर्वाचन भएपछि प्रहरी प्रशासन र स्थानीय जनप्रतिनिधिहरुको संयुक्त प्रयासमा मकवानपुरमा गाँजा खेतीलाई न्युनिकरण गर्दै लगिएको थियो । कैलाश र राक्सिराङका जनप्रतिनिधिहरुले पालिकालाई गाँजामुक्त क्षेत्र बनाउन विभिन्न किसिमका विकास निर्माणका काम र गाँजा खेती नगर्नका लागि दबाबमूलक अभियान पनि चलाएका थिए । स्थानीय प्रशासनले गाँजा र अफिमका बोटहरु फाँड्नका लागि पटक-पटक प्रहरी परिचालन पनि गरेको थियो । जसकारण विगत वर्षमा गाँजा र अफिम खेती गर्ने र गर्न लगाउनेहरु निरुत्साहित भएका थिए । तर, कोरोनाका कारणले सबै खाले मानिसहरु घर/घरमा थन्किनुको साथै आर्यआर्जन अवरुद्ध भएकाले आम्दानीको निम्ति गाँजा खेती गर्न थालेको बताइन्छ ।

# सञ्चारमा पहुँच बढाउन दोभाषे तालिम



साझाकुरा संवाददाता

हेटौंडा, १८ वैशाख/ 'सांकेतिक भाषा सञ्चार बहिरा नागरिकहरुको अधिकार' भन्ने नाराका साथ दुई महिने नेपाली सांकेतिक भाषा (दोभाषे) तालिम दिइएको छ ।

सञ्चारमा बहिरा नागरिकको पहुँच बढाउन दुई महिने दोभाषे तालिम प्रदान गरिएको हो । सात वटै प्रदेशबाट १८ जना सहभागीलाई दिइएको सांकेतिक भाषाको प्रशिक्षण समापन भएको छ । सांकेतिक भाषामा दख्खल राख्ने कृष्ण गजुरेलले सहभागीहरुलाई तालिम दिए । तालिम समापन कार्यक्रममा नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयकी प्रतिभा राईले सीपको लागि सरकारले लगानी गरेपछि तालिम प्राप्त जनशक्तिबाट सरकारले पनि अपेक्षा गर्ने बताइन् । व्यावसायिक दोभाषे जीवनको लागि निजि क्षेत्रबाट पनि आफैंले पहल गर्न राईले सहभागीलाई आग्रह गरिन् । हेटौंडा-५ का वडाध्यक्ष सुशील घिमिरेले स्थानीय तहबाट सेवा दिने क्रममा समेत दोभाषेको आवश्यकता महसुश गरेको बताए । वडाले समन्वयको लागि सहकार्य गर्ने उनले बताए ।

बहिरा नागरिकको पहिलो अधिकारको रुपमा सांकेतिक भाषा सञ्चार रहेको राष्ट्रिय अपांग महासंघ बागमती प्रदेश अध्यक्ष अश्विन लम्सालले बताए । हरेक नेपालीमा सांकेतिक भाषाको सीप अनिवार्य हुनुपर्ने उनले बताए । कार्यक्रममा बहिरा संघ जिल्ला अध्यक्ष सन्तोष पौडेलले जिल्ला प्रशासन कार्यालयमा सेवा लिँदा होस् वा अन्य कार्यालयमा सेवा लिँदा भाषिक समस्या नहोस् भन्ने र यसतर्फ सोच्नुपर्ने बताए । बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयमा कार्यरत् सरस्वती कटुवालले बोल्न नसक्नेहरुको सवाललाई सम्बन्धित ठाउँको सम्बन्धित व्यक्तिलाई बुझाउन कठिनाइ हुँदै आएको बताइन् । तालिममा ७ प्रदेशबाट ३ पुरुषसहित १८ जना सहभागी थिए ।

# मजदुर दिवसमा खाद्यान्न सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, १८ वैशाख/ व्यापार कर्मचारीहरुको साझा संस्था युनिकम नेपाल मकवानपुरले श्रमिक दिवसको अवसरमा खाद्यान्न सहयोग गरेको छ ।

१३४ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा सोमबार हेटौंडामा खाद्यान्न वितरण गरिएको हो । युनिकम नेपाल मकवानपुरले अभिभावकविहीन बालबालिका संरक्षण गर्दै आइरहेको मामाघर नेपाललाई चामल, चिउरा, सोयाविन, चाउचाउ, विष्कुट, तेललगायत खाद्यान्न वितरण गरिएको नेपाल व्यापार कर्मचारी संघ (युनिकम) नेपालका अध्यक्ष लेखनाथ गैह्रेले जानकारी दिए ।


## हार्दिक समवेदना

जन्म: २०००/०८/१०



स्वर्गारोहण: २०८०/०१/०८

स्व. तुलकुमारी अर्याल

यस कम्पनीका सदस्य श्री उमेश अर्यालकी ममतामयी माता **तुलकुमारी अर्याल**को असामयिक स्वर्गारोहण भएकोमा हामी ज्यादै मर्माहत् भएका छौं । शोकको यस घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।


बद्रीनाथ शर्मा अर्याल (अध्यक्ष) एवम्

**प्रोफेशनल एजुकेशन फाउण्डेशन प्रा.लि. परिवार**

हेटौंडा-१०, मकवानपुर

## केदारनाथ सुनचाँदी पसल

हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

प्रो. राहुल सुनार

मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राइ क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्चौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

## चट्याङबाट आफू बचौं र अरूलाई पनि बचाऔं ।

**चट्याङ पर्ने सम्भावना भएको बेला**

**घरबाहिर हुनुहुन्छ भने,**

- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा र्‍याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

**घरभित्र हुनुहुन्छ भने,**

- विद्युतीय सामग्रीहरु जस्तै टीभी, कम्प्युटर, फ्रिज, वासिङ मेसिन, मोबाइल फोन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

*"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"*

## आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी

सम्पर्क नं. : ९८४५५३९५६३, ९८१५२२४३४३

## पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.द्वारा संचालित बस सेवा

**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

## यात्रु महानुभावहरूलाई खुसीको खबर !

*२०८० वैशाख २ देखि*


- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौं गंगबु बसपार्कसम्म दैनिक बिहान ७ बजे
- गंगबु बसपार्क काठमाडौंबाट हेटौंडासम्म दैनिक बिहान ६:३० बजे
- कलंकीबाट ठिंगन हुँदै हेटौंडासम्म दैनिक बिहान ६:४५ बजे
- काठमाडौं सातदोबाटोबाट हेटौंडासम्म दैनिक बिहान ७ बजे




सम्पर्क:
०५७-५२१९९४, ९८५५०६७६५५, ९८५५०७१६२५, ९८४५०७६७६३

## घडेरीहरु बिक्रीमा

मुकुन्द कार्की :
९८५१०८९६३४,
९८०१०९८८६९





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना